# भिमसेनथापा गाउँपालिका

## BHIMSENTHAPA RURAL MUNICIPALITY

गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipality Executive

खान्चोक, गोरखा

Khanchowk, GORKHA

गण्डकी प्रदेश (Gandaki Province)

पत्रसंख्या (Reference No.) :- ०७६/०७७

च.नं (Dispatch No.) :- १२५९

मिति(Date):२०७७/०२/२१

श्री वडा कार्यलयहरु सबै,

भिमसेनथापा गाउँपालिका, गोरखा ।

विषय :- रोजगारमुलक आयोजना वार्षिक कार्यक्रममा समावेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च. नं. १४६, मिति २०७७/०२/१८ को पत्रानुसार यस भिमसेनथापा गाउँकार्यपालिकाको कार्यलय अन्तर्गतको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका वेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गराउन रोजगारमुलक आयोजनाहरु वार्षिक कार्यक्रममा समावेश गर्ने क्रममा पत्रमा उल्लेख गरिए बमोजिमको (*मिति २०७७।०२।१४ को मन्त्रिस्तरको निर्णयानुसारको बुंदा नं क, ख र ग*) आधारमा रही आयोजनाहरु पेश गराउनु हुन अनुरोध छ ।

संलग्न कागजात :

१) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को पत्र ।

२०७७/०२/२१

(जीवन पौडेल)
रोजगार संयोजक

रोजगर संयोजक
जीवन पौडेल

(कृष्ण थापा)
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail:
info.pmep.np@gmail.com

नेपाल सरकार
**श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**(प्रधानमन्त्री रोजगार कार्यक्रम)**

च.नं. ९४६

मिति २०७७/०२/१८

श्री स्थानीय तह सबै
(मार्फतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

**विषय :रोजगारमुलक आयोजना वार्षिक कार्यक्रममा समावेश गर्ने सम्बन्धमा**

प्रस्तुत विषयमा स्थानीय तहमा सूचिकृत भएका वेरोजगार व्यक्तिहरूलाई रोजगारीको हकसम्वन्धी ऐन, २०७५ बमोजिम न्यूनतम रोजगारीमा संलग्न गराउन गत आर्थिक वर्ष २०७५/७६ देखि सवै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम शुरूवात गरिएको छ।

चालु आर्थिक वर्ष २०७६/७७ मा पनि यसै प्रयोजनका लागि स्थानीय तहहरूबाट रोजगारमूलक आयोजनाहरू माग गरी कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम यस मन्त्रालयबाट प्राथमिकीकरण गरी कार्यान्वयन गर्न स्थानीय तहहरूलाई आवश्यक बजेटसहित पठाईएको छ।

गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा कार्यक्रम कार्यान्वयनको अनुभवका आधारमा स्थानीय तहहरूबाट वार्षिक कार्यक्रममा समावेश भएका रोजगारमूलक आयोजनाहरूमा सूचिकृत भएका वेरोजगार व्यक्तिहरूलाई रोजगारी प्रदान गर्दा कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा सहज हुने देखिएकोले देहाय बमोजिम गर्नु गराउनु हुन माननीय मन्त्रिस्तरको मिति २०७७०२।१४ को निर्णयानुसार अनुरोध छ :–

(क) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहहरूबाट संचालन हुने रोजगारमूलक रोजगार आयोजनाहरू कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ५ मा उल्लेखित क्षेत्रभित्र परेको हुनु पर्ने र त्यस्ता आयोजनाहरू तर्जुमा र छनौट गर्दा उक्त कार्यविधिको दफा ६ र ७ लाई परिपालना गर्ने गराउने।

(ख) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सहयोग गर्ने गरी विश्व बैङ्को वित्तीय सहयोगमा आगामी आर्थिक वर्षदेखि सबै स्थानीय तहमा युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना संचालन गरिनेछ। सो आयोजनामार्फत प्रदान गरिने रोजगारीका लागि युवा रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २९, ३० र ३१ बमोजिम त्यस्ता आयोजनाहरू सम्बन्धित स्थानीय तहको परिषदबाट छनौट तथा स्वीकृत भई वार्षिक कार्यक्रममा समावेश भएको हुनु पर्ने व्यवस्था रहेकोले सो बमोजिम गर्ने गराउने।

(ग) यसरी वार्षिक कार्यक्रममा समावेश भई स्वीकृत भएका रोजगारमूलक आयोजनाहरूको अनुमानित लागत सहितको विवरण चालु आर्थिक वर्ष २०७६/७७ को आषाढ मसान्तभित्र यस मन्त्रालयमा पठाउने ।

माथि उल्लिखीत कार्यविधिहरु यस कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

प्रकाश पन्थी
शाखा अधिकृत

• नतिजामुखी प्रशासनः समृद्धि र सुशासन•